# १२ चर्चभित्र गृहयुद्ध

***यस अध्यायका मूल पदहरू:*** प्रकाश २:१-७, होशे २:१३, प्रकाश २:८-१७, प्रकाश २:१८-३:६, यशैया ६०:१४, प्रकाश ३:१४-२२।

***यस अध्यायको मूल पद:*** "हेर म यहाँ छु! म ढोकामा उभिएको छु र ट्वाकट्वाक गर्दैछु। यदि तिमीहरूमध्ये कसैले मेरो आवाज सुनेर ढोका खोलिदियौ भने म भित्र आउनेछु र म तिमीसँग खाना खानेछु। र तिमी पनि मसँग खाना खानेछौ" (प्रकाश ३:२० रूपान्तरित)।

येशूका बाह्र प्रेरित वा बिशेष चेलाहरूमा यूहन्ना त्यो चेला थिए जो अन्तिममा देहान्त भएका थिए। उनले सुसमाचारको पुस्तक र उनकै नाउँ भएका पत्रहरू लेखेका थिए। तर उनले प्रकाशको पुस्तक पनि लेखेका थिए। यस पुस्तकले हामीलाई ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्धलाई बुझाउन खोज्दछ। तर हामीले यस अध्यायमा केवल सातवटा चर्चहरूको बारेमा यूहन्नाले बयान गरेर ती चर्चहरूलाई लेखेका पत्रहरूमा मात्र केन्द्रित गर्नेछौं। जस जसले ती पत्रहरू पाए तिनीहरूले ती पत्रहरूलाई कुन् रूपमा हेरे त्यसलाई हामी हेर्नेछौं। ती पत्रहरूमा व्यक्त गरेका शब्दहरूले यूहन्नाका भावना र मर्महरूलाई बताउँछन्। हामीहरूको परिप्रेक्ष्यमा ती पत्रहरूको प्रयोगात्मक संभाव्यतालाई बुझ्न खोज्नेछौं।

**ती पत्रहरूमा एउटा कुरो उल्लेखनीय छ। प्रत्येक चर्चलाई आफ्नै निजी चर्चको रूपमा लिएर येशूले सम्बोधन गर्नुभएको हामी पाउँछौं। ती बिभिन्न चर्चहरूमा विभिन्न आवश्यकताहरू छन् र ती सबै आवश्यकताहरूलाई पूरा गर्न उहाँ तत्पर भएको हामी पाउँछौं।**

**ती चर्चहरूले आफू को हुन् भनेर संघर्ष गरिरहेको चुनौति हाम्रो समक्ष प्रस्तुत भएको छ जुन् आज पनि हामीहरूको परिप्रेक्ष्यमा जारी छ। के ती चर्चका सदस्यहरू पक्का मन परिवर्तन भएर उहाँको पङ्क्तिमा उभिन्दै यस मरिरहेको संसारमा गवाहीको निम्ति खडा भइरहेका थिए त? तर के तिनीहरू केवल देखावटी क्रिश्चियन हुँदै भित्रभित्रै अन्धकारको शक्तिसँग मिलोमत्तो गर्न रूचाइरहेका थिए त? सेभेन्थ-डे एडभेन्टिस्ट चर्च यस संसारको अन्तिम चर्च भनेर**

हामी दावी गर्दछौं। तर चर्चको इतिहासभरी ती सातवटा चर्चहरूले सामना गरेका केही प्रवृत्ति तथा चरित्रहरूलाई विश्लेषण गर्दा हामी पनि कतातिर छौं भनेर स्पष्ट रूपमा बुझ्न सक्नेछौं।

## १. एफिसीमा रहेको चर्च (प्रकाश २:१-७)

प्रकाश २:१मा येशूलाई यसरी चित्रित गरेको छ कि उहाँले सातवटा ताराहरूलाई हातमा लिएर बत्ती बलिरहेको सामदानहरूको बीचमा एफिससको चर्चलाई सम्बोधन गर्दै हिँडिरहनुभएको थियो। त्यहाँ उल्लेख गरेका वस्तुहरूले महत्त्वपूर्ण अर्थहरू लगाइएका छन्। सामदानहरूको अर्थ चर्चहरू हुन्। सातवटा ताराहरूको अर्थ सात जना स्वर्गदूतहरू हुन् जसले चर्चको हेरबिचार गर्दछन् (प्रकाश १:२०)। अर्को अर्थमा भन्ने हो भने चर्चहरू र स्वर्गमा भएका परमेश्वरको सिहाँसनको बीचम घनिष्ठ सम्बन्ध रहेको देखाउँछ। ख्रीष्ट र शैतानको बीचमा भइरहेको युद्धको परिप्रेक्ष्यमा चर्चले धेरै महत्त्वपूर्ण भाग खेलिरहेको हुन्छ।

प्रकाश २:१-७ पढ्नुहोस् र त्यहाँ चर्चभित्रै विश्वासीहरूको बीचमा ख्रीष्ट र शैतानको युद्ध कुन् कुन् तरिकाले कसरी चर्कि रहेको छ भेट्टाउन खोज्नुहोस्। हेर्नुहोस्ः “१ एफिससका मण्डलीका दूतलाई यो लेखः यी कुरा सात वटा तारा आफ्नो दाहिने हातमा लिने र सात वटा सुनका सामदानका बीचमा हिँड्नेले भन्दछ। २ तिम्रा कामहरू, तिम्रो परिश्रम र सहनशीलता मलाई थाहा छ, र तिमीले खराब मानिसहरूलाई सहन सक्दैनौ तर तिनीहरू जसले प्रेरित हुँ त भन्दछन्, तर वास्तवमा होइनन्, त्यस्तालाई जाँचेर झूटा भेटाएका छौ भनी म जान्दछु। ३ म जान्दछु, तिमीहरूले धैर्यपूर्वक सहेका छौ, र मेरो नाउँको खातिर कष्ट भोगेका छौ। अनि तिमीहरू थकित भएका छैनौ। ४ तर तिम्रा विरुद्धमा मसित यो कुरा छ, कि तिमीले तिम्रो पहिलो प्रेम त्यागिदिएका छौ। ५ यसकारण कहाँबाट तिमी खसेका छौ, सो सम्झ, र पश्चात्ताप गर, अनि तिमीले पहिले गरेका काम गर, नत्रता म तिमीकहाँ आएर, तिमीले पश्चात्ताप गरेनौ भने, तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु। ६ तर तिमीहरूमा यो कुरा त छ, कि तिमीहरूले मैले जस्तै निकोलाइटसहरूका काम घृणा गर्छौं। ७ जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ त्यसलाई परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रूखबाट खान दिनेछु।"

बलियो र  कमजोरी चरित्रहरूलाई औंल्याउँदै एफिससको चर्चलाई येशूले पत्र लेख्नुहुन्छ। येशूलाई त्यस चर्चमा भएका विश्वासीहरूको बलियो पक्ष र कमजोरी पक्ष थाहा छ। तिनीहरूको क्रियाकलाप, धैर्यता अपनाएर परमेश्वरप्रति भक्ति र तिनीहरूको बीचमा भएका झुठा धर्मगुरूहरूसँग (प्रकाश २:२,३,६) तिनीहरूको प्रतिकारलाई येशूले सराहना गर्नुहुन्छ। बाइबलसँग असहमत भएको गलत शिक्षादीक्षालाई चर्चले स्वीकार गर्नुहुन्न भनेर त्यस सन्देशमा स्पष्टरूपमा देखाएको छ। अन्धकारसँग संघर्ष गरिरहेको बखतमा परमेश्वरले एफिससको चर्चलाई चुन्नुभएको देखिन्छ। तर त्यस चर्चले शैतानको प्रतिकारले दुःख पाएको थियो। त्यो प्रतिकार कुनै वाह्य शक्तिबाट नभएर येशूका झुठा चेलाहरूबाट नै भएको थियो। तिनीहरू निकोलासका अनुयायीहरू थिए। निकोलास चुनिएका सात जना डिकनहरू (प्रेरित ६:५)मध्ये एक हुनुपर्दछ। सुरूमा उसमा येशूप्रति भक्ति असलै थियो तर आफ्नो भाऊ खोज्ने क्रममा उसले छुट्टै चर्च खोले र आफ्नै तरिकाले प्रचार गर्न गर्न थाले। चर्चका विश्वासीहरूलाई भडकाउने जुनसुकै झुठा धर्मगुरू वा नाइकेहरू किन नहुन् ख्रीष्टको सामु ती घृणित थिए (प्रकाश २:६)।

येशूसँग अत्यन्त भारविभोर भएर उहाँलाई प्रेम गर्ने सुरूको जोश एफिसीका चर्चहरूका विश्वासीहरूमा सेलाएर जानु नै तिनीहरूको समस्या थियो (प्रकाश २:४)। ती भावनाहरू पुरानो करारमा अगमवक्ताहरूले पनि व्यक्त गरेका थिए। त्यसमा ती इस्राएलीहरूसँग तुलना गरिएका थिए जो परमेश्वरबाट तर्केर गएका थिए र दुष्चरित्र र मनाही गरेका प्रेमी तथा प्रेमिकाहरूको पछि पछि लागेका थिए (उदाहरणमा होशे २:१३ पढ्नुहोस्)।

झट्ट हेर्दा त्यो परिस्थिति निराशाजनक देखिन्छ। तर निराशमय परिस्थितिलाई उद्धार गर्न येशू विशेषज्ञ हुनुहुन्छ। प्रथमतः आफ्ना जनहरूलाई पछाडि फर्केर हेर र आफूहरू कहाँ खस्केको छ सो बिचार गरेर त्यसबाट फर्केर पहिला कुन् अवस्थामा थिए त्यसमा लाग्न येशूले तिनीहरूलाई आह्वान गर्नुहुन्छ (प्रकाश २:५)। त्यसको अर्थ घडिलाई पछाडि फर्काएर पुरानो रमाइलो जमानामा फर्क भनेको होइन। तर विगतसमयको अनुभवलाई सम्झेर त्यसले भविष्यमा चल्ने कदममा अगुवाई गर्न सहयोग लेऊ भन्ने त्यस मर्मको चाहना हो।

"तिमीले पहिलो प्रेमलाई छोडयौ" (प्रकाश २:४ रूपान्तरित)। एक फेरा जोशले ख्रीष्टलाई स्वीकार गर्ने र पछि सेलाएर पठाउन किन सजिलो छ?

चाहे चर्चकै मामिलामा होस् वा व्यक्तिगत मामिलामा होस् परमेश्वरलाई प्रेम गर्ने बानीमा चिसो कसरी पार्न सक्छ? बर्षौं बर्षसम्म हामीहरूमा परमेश्वरप्रति प्रेममा बलियो कसरी बनाइ राख्ने र उहाँको सत्यलाई हृदयमा कसरी प्रज्वलित गरिराख्ने?

## २. स्मुर्ना र पेरगामम (प्रकाश २:८-१७)

स्मुर्नाको चर्चलाई येशूले आफूलाई यसरी परिचय गराउनुहुन्छ "प्रथम् र अन्तिम् जो मरिएको थियो र फेरि जीवित भयो " (प्रकाश २:८, प्रकाश १:१८ रूपान्तरित)। परगामम चर्चलाई येशूले आफूलाई यसरी परिचय दिनुहुन्छ "मुखबाट दुई धारे तरवार निस्किरहेको व्यक्ति (प्रकाश १:१६, प्रकाश २:१२ रूपान्तरित)। ती दुवै चर्चलाई आफूलाई त्यसरी भिन्न भिन्न तरिकाले परिचय गराउनुको अर्थ के हो? हेर्नुहोस् प्रकाश २:८-१७ “८ अनि स्मुर्नाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आदि र अन्त्यले भन्दछ, जो मरेको थियो, र फेरि जीवित भयो। ९ म तिम्रा कष्टहरू र तिम्रो दरिद्रतालाई जान्दछु। तर तिमी त धनी नै छौ। म तिनीहरूलाई चिन्दछु, जसले आफूलाई यहूदी हौं त भन्छन्, तर वास्तवमा तिनीहरू होइनन्। तिनीहरूले गरेका निन्दा म जान्दछु। तिनीहरू शैतानको सभाघर हुन्। १० तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ। हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ। तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु। ११ जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ, त्यसलाई दोस्रो मृत्युदेखि केही हानि हुनेछैन।

१२ अनि पर्गाममका मण्डलीका दूतलाई यो लेखः यी कुरा धारिलो दुईधारे तरवार साथमा हुनेले भन्दछ, १३ मलाई थाहा छ, तिमी कहाँ बस्छौ, त्यहीं जहाँ शैतानको सिंहासन छ। तरै पनि तिमीहरू मेरो नाउँमा स्थिर बस्छौ। मेरो विश्वासयोग्य साक्षी एन्टिपासको समयमा पनि ममाथिको आफ्नो विश्वास तिमीहरूले त्यागेनौ। शैतान बस्ने ठाउँमा तिमीहरूकै माझमा तिनी मारिए। १४ तर तिमीहरूका विरुद्धमा मसँग केही कुराहरू छन्, किनभने तिमीहरूसँग यस्ता कोही-कोही छन्, जसले बालामको शिक्षा मान्छन्। इस्राएलीहरूका अगाडि ठोकरको कारण बनून् भनी मूर्तिहरूलाई चढ़ाएको भोजन खान र व्यभिचार गर्न बालामले बालाकलाई सिकाए। १५ यसरी नै तिमीकहाँ

निकोलाइटसहरूका शिक्षा पालन गर्नेहरू पनि कति जना छन्। १६ यसकारण पश्चात्ताप गर, नत्रता म तिमीकहाँ चाँड़ै आउँछु, र मेरो मुखको तरवारले तिनीहरूसँग लड़ाइँ गर्नेछु। १७ जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ, त्यसलाई म गुप्त-मन्नको केही भाग दिनेछु, र म त्यसलाई नयाँ नाउँ लेखिएको एउटा सेतो पत्थर दिनेछु, जो पाउनेले बाहेक अरू कसैले जान्दैन।"

स्मुर्नाको चर्चका सदस्यहरू अत्यन्त कडा परिश्रमी भनेर चर्चित थिए। तर तिनीहरूले देखाउनुपर्ने धेरै कुराहरू थिएन। हुनसक्छ तिनीहरूको बीचमा शैतानलाई उपासना गर्ने सिनिगग वा मन्दिर भएको कारणले होला (प्रकाश २:९)। त्यसरी शैतानको सिहाँसन आफूहरूको बीचमा भएतापनि पर्गामिमका विश्वासीहरू आस्थालाई पकडिराखेका थिए (प्रकाश २:१३)। त्यस परिवेशमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको वास्तविक महान् संघर्ष प्रत्यक्षरूपमा ती चर्चहरूमा भइरहेको देखिएको छ।

कठिन समय आउँदैछ भनेर स्मुर्नाको चर्चलाई सतर्क गराइएको थियो। तिनीहरू जेल सजायँमात्र होइन मृत्युको जोखिममा पनि पर्नेछ भनेर भनिएको थियो (प्रकाश २:१०)। पर्गामिम चर्चमा विश्वासको खातिर कोही मानिसलाई मारिसकेको थियो (प्रकाश २:१३)। यो कुरो पनि बुझ्नु पर्छ कि कठिन समयको सिमाना हुन्छ। दुष्टता निश्चित अवधिभन्दा अगाडि निरन्तररूपमा बढ्न दिइदैन (प्रकाश २:१०)।

तर पर्गामिम चर्चको विश्वासीहरू खिलाफ परमेश्वरले केही गुनासो गर्नुहुन्छ (प्रकाश २:१४-१५)। तिनीहरूले आफूहरूको बीचमा झुठो धर्मगुरू बेलम र निकोलीका शिक्षालाई मान्नेहरूलाई ठाउँ दिएका थिए (प्रकाश २:१४,१५ रूपान्तरित)।

"निकोलास र बेलमको समानन्तर अर्थहरू छन्: निकोलास भन्ने शब्द ग्रिक भाषाको निको र लावस (**niko and laos**)बाट आएका हुन्। त्यसको अर्थ मानिसलाई जित्ने वा लठ्ठ पार्ने हो। बेलम भन्ने शब्द दुई हिब्रू शब्दहरूबाट आएका हुन्- आम **(am)** अर्थात् मानिसहरू र बेल (**baal**) (बेलाबाट **bela** जस्को अर्थ नाश गर्नु वा निल्नु) अर्थात् मानिसहरूलाई नाश गर्नु हो।"-रान्को स्टिफानोभिक, *रिभिलेशन अभ जिसस क्राइस्टः कमेन्टरी अन द बुक अभ रिभिलेशन* (बेरियन स्प्रिङ्ग, मिसिगनः आन्द्र्यु युनिभर्सिटी प्रेस, २००२), पृ. १११बाट रूपान्तरित। यदि सारा चर्चमा गलत शिक्षाले निरन्तरता पायो भने

**येशू आफै व्यक्तिगत रूपमा मुखमा तरवार राखेर तिनीहरूसँग लड्न आउनुहुनेछ भनेर उहाँले चेतावनी दिनुहुन्छ (प्रकाश २:१६)।**

**ती चेतावनीहरूको बावजूद पनि येशूले ती दुवै चर्चहरूलाई ठूलो उत्साह दिनुहुन्छ (प्रकाश २:११,१७)।**

प्रकाश २:१४,१५मा उल्लेख गरिएको छ "१४ तर तिमीहरूका विरुद्धमा मसँग केही कुराहरू छन्, किनभने तिमीहरूसँग यस्ता कोही-कोही छन्, जसले बालामको शिक्षा मान्छन्। इस्राएलीहरूका अगाडि ठोकरको कारण बनून् भनी मूर्तिहरूलाई चढ़ाएको भोजन खान र व्यभिचार गर्न बालामले बालाकलाई सिकाए। १५ यसरी नै तिमीकहाँ निकोलाइटसहरूका शिक्षा पालन गर्नेहरू पनि कति जना छन्।" त्यसले केवल येशूलाई विश्वास गरे पुग्छ धर्मदर्शन वा आत्मज्ञानको आवश्यक छैन वा त्यस तर्फ चासो देखाउनु आवश्यक छैन भन्ने धारणासँग किन बाँझिन्छ? बिश्वासको साथ सही मौलिक शिक्षाहरूको आवश्यकता किन महत्त्वपूर्ण छ?

## ३. थियाटिरा र सार्डिस (प्रकाश २:१८-३:६)

प्रकाश २:१८देखि प्रकाश ३:६मा दुई चर्चहरूमा केही विषयवस्तुहरूले बाधा दिइरहेको पाइन्छ। व्यक्तिगत होस् वा चर्चनै किन नहोस् हामीहरूले पनि केही हदमा त्यही विषयबस्तुसँग संघर्ष गरिरहेका छौं। ती संघर्षमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको मुकाबिला कसरी प्रदर्शन गरिएको छ? हेर्नुहोस्: "१८ अनि थिआटीराको मण्डलीका दूतलाई यो लेखः यी कुरा परमेश्वरको पुत्रले भन्दछ, जसका आँखा आगोका ज्वालाजस्ता, जसका पाउ टल्काइराखेको काँसाजस्ता छन्। १९ तिम्रा काम, तिम्रो प्रेम, तिम्रो विश्वास, तिम्रो सेवा र तिम्रो धैर्यपूर्ण सहनशीलता मलाई थाहा छ। तिम्रा पछिल्ला काम अघिल्लाभन्दा बढ़ी छन्। २० तर तिम्रो विरुद्धमा मैले यो भन्नु छः तिमी ईजेबेल भन्ने स्त्रीलाई सहन गर्छौं। त्यसले आफैलाई अगमवादिनी भन्छे, र मेरा सेवकहरूलाई व्यभिचार गर्न र मूर्तिहरूलाई चढ़ाइएको भोजन खान सिकाउँछे, र यसरी तिनीहरूलाई बहकाउँछे। २१ मैले त्यसलाई पश्चात्ताप गर्ने समय दिएँ, तर त्यसले आफ्नो व्यभिचारबाट पश्चात्ताप गर्न इन्कार गरी। २२ हेर, म त्यसलाई रोग-शय्यामा फालिदिनेछु, र त्यससँग व्यभिचार गर्नेहरूले त्यसले गरेका कामहरूबाट पश्चात्ताप गरेनन् भने म तिनीहरूलाई महासङ्कष्टमा फालिदिनेछु। २३ म त्यसका छोराछोरीहरूलाई

मार्नेछु। र सबै मण्डलीहरूले थाहा पाउनेछन्, कि म उही हुँ, जसले सबैका मन र हृदयको जाँच गर्दछु, र म तिमीहरू हरेकलाई तिमीहरूका कामअनुसार दिनेछु। २४ तर तिमी थिआटीरामा भएको यो शिक्षा नमान्ने तथा कतिले भनेझैं शैतानका गहिरा कुराहरू नसिक्ने बाँकी तिमीहरूलाई म भन्दछु, म तिमीहरूमाथि अरू कुनै भार राख्दिनँ। २५ त्यसो भए तापनि जे तिमीहरूसँग छ, म नआउञ्जेल त्यसलाई थामिराख। २६ जसले जित्छ र मेरा कामहरूलाई आखिरसम्मै कायम राख्छ, त्यसलाई म जाति-जातिमाथि अधिकार दिनेछु, २७ र फलामको डन्डाले माटोका भाँड़ाहरू टुक्रा-टुक्रा पारेर फोरेझैं त्यसले तिनीहरूलाई शासन गर्नेछ, जसरी मैले पनि मेरा पिताबाट अधिकार पाएको छु। २८ म त्यसलाई बिहानको तारा दिनेछु। २९ जसको सुन्ने कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ।" प्रकाश २:१८-२९ र "१ अनि सार्डिसका मण्डलीका दूतलाई यो लेखः यी कुरा परमेश्वरका सात आत्मा र सात तारा हुनेले भन्दछ। तिम्रा काम मलाई थाहा छ। तिमी जीवित छौ भन्ने नाउँ त छ, तर तिमीहरू मरेका छौ। २ जागा रहो र मर्नै लागेका रहल कुराहरूलाई दह्रिला पार, किनकि मैले तिम्रा काम मेरा परमेश्वरको दृष्टिमा सिद्ध भएको भेट्टाएको छैनँ। ३ यसकारण तिमीले जे पायौ र सुन्यौ, सो सम्झ, त्यसलाई कायम राख र पश्चात्ताप गर। यदि तिमी जागा रहेनौ भनेता म चोरजस्तै आउनेछु, र म कुन बेला आउनेछु, सो तिमीले थाहा पाउनेछैनौ। ४ तर सार्डिसमा कति व्यक्ति छन्, जसले आफ्ना लुगा बिटुलो पारेका छैनन्। तिनीहरू मसँग सेता वस्त्र लाएर हिंड्नेछन्, किनकि तिनीहरू योग्यका छन्। ५ जसले जित्छ, त्यसलाई यसरी सेता वस्त्र पहिराइन्छ, र म त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिदिनेछैनँ। म त्यसको नाउँ मेरा पिताको सामुन्ने र उहाँका दूतहरूका सामुन्ने स्वीकार गर्नेछु। ६ जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ।" प्रकाश ३:१-६।

**आफूलाई थियाटिराको चर्चलाई परिचय गराउनुहुने येशूले यो बताउनुहुन्छ कि परमेश्वरको जनहरूमा अन्यौलता छाइरहेको छ र कठिन समय झन झन आइरहेको छ। आगोको आँखा र पालिस लगाएको काँचको पाइटाला भएको भनेर वर्णन गरिएको शब्दचित्र केवल प्रकाशको पुस्तकमा मात्र होइन दानिएल १०मा पनि पाउँछौं। त्यहाँ दानिएलले दर्शनमा एक जना यस्तो व्यक्तिसँग जम्का भेट हुन्छ जसका आँखाहरू आगोका चिराकहरू जस्ता थिए भने उनको पाऊहरू टल्किएको काँचको जस्तो थियो (दानिएल १०:६**

रूपान्तरित)। त्यस व्यक्तिले दानिएललाई भन्दछन् कि उनी पर्सियाको राजकुमारसँग संघर्ष गरिरहेकाछन् (दानिएल १०:१३,२०)। अर्थात् जब परमेश्वरका जनहरूले अन्धकार परिस्थितिहरूको सामना गर्दछन् त्यसबेला परमेश्वर आफै मानिसहरूको जीवनमा प्रभाव पार्ने गरेर हस्तक्षेप गर्नुहुन्छ। उहाँ चर्चहरूमा हिँडडुल गर्नुहुन्छ (प्रकाश १) र राष्ट्रका नेताहरूलाई चुनौति दिनुहुन्छ (दानिएल १०)।

परमेश्वरका सात आत्माहरू भएको र सातवटा ताराहरू भएको व्यक्ति भनेर येशूले आफूलाई सार्डिसको चर्चलाई चिनाउनुहुन्छ (प्रकाश ३:१, ५:६)। यहाँ पनि उहाँप्रति भरोसा राखेर उहाँको नीतिमा हिँड्ने चर्चहरू सुरक्षित रहुन् भनेर उद्धारकर्ता अदृष्यरूपमा पर्दाको पछाडि व्यस्त हुनुभएको छर्लङ्ग पार्दछ।

थियाटिरा र सार्डिसको चर्चमा भइरहेको चर्तिकला केही चासोको विषय हो। थियाटिरा चर्चमा केही सुधार भइरहेका (प्रकाश २:१९) भएतापनि तिनीहरू रानी जेजबेलले इस्राएलीहरूलाई राज गरेको समयमा जस्तै थिए (जसले परमेश्वरलाई भन्दा मूर्तीपूजालाई अग्रस्थान दिएक थिइन्)। सार्डिसका मानिसहरू आत्मिक रूपमा मूर्दा भएका थिए (प्रकाश ३:१)।

ती सबै समस्याहरूको बाबजूदपनि येशूले चर्चहरूलाई उत्साहित बनाउनुहुन्छ। थियाटिरामा भएका कतिपय विश्वासीहरूले शैतानको गहिऱ्याइ बुझेका नभएतापनि येशू नआउँञ्जेल आफूले बिश्वास गरेका शिक्षाहरूलाई ठामी राख भनेर उहाँले भन्नु हुन्छ (प्रकाश २:२४,२५ रूपान्तरित)। हिलो माटोमा आफ्ना लुगाहरू फोहर नगरेका थोरै भएपनि केही बिश्वसीहरू छन् भनेर येशूले सराहना गर्नुहुन्छ (प्रकाश ३:४ रूपान्तरित)।

विश्वासमा कतिवद्ध भएर बसेका ती भक्तहरूलाई येशूले विशेष आशिषको कबूल गर्नुहुन्छ। थियाटिराका विश्वासीहरूलाई उहाँले बिहानको तारा (प्रकाश २:२८) दिनुहुने वाचा गर्नुहुन्छ। त्यस बिहानको तारा येशू आफै हुनुहुन्छ भनेर प्रकाश २२:१६मा जनाइएको छ। सार्डिस चर्चका विश्वासीहरूलाई स्वर्गमा स्थान निश्चित रूपमा दिइनेछ भनेर कबूल गरिएको छ। त्यसबेला उहाँले उहाँका पिताको र स्वर्गदूतहरूको सामु तिनीहरूको नाउँ उच्चारण गर्नुहुनेछ (प्रकाश ३:५ रूपान्तरित)।

" तिमीले जे पायौ र सुन्यौ, सो सम्झ, त्यसलाई कायम राख र पश्चात्ताप गर वा पापबाट फर्क।" तपाईंले आफ्नो जीवनमा के

पकडिराख्नुपर्छ? तपाईंले पश्चाताप गर्नुपर्ने कुरो के छ? ती दुई तत्वहरू एक आपसमा किन सम्वन्धित छन्?

## ४. फिलाडेल्फियाको चर्च (प्रकाश ३:७)

प्रकाश ३:७मा फिलाडेल्फियाको चर्चलाई येशूले बिभिन्न तरिकाले आफ्नो परिचय दिनुभएको पाउँछौं। ती के हुन्? येशूका ती परिचयले उहाँको बारेमा हामीलाई के भन्दछन्? हेर्नुहोस्: "७ अनि फिलाडेल्फियाका मण्डलीका दूतलाई यो लेखः यी कुरा त्यसले भन्दछ, जो पवित्र छ, जो सत्य छ, जससँग दाऊदको साँचो छ, जसले खोल्छ, कसैले थुन्नेछैन, र जसले थुन्छ, कसैले खोल्नेछैन।"

**फिलाडेल्फियाको चर्च बलमा केही हदमा कमजोर भएतापनि (प्रकाश ३:८) त्यहाँका विश्वासीहरूले ख्रीष्टका वचनहरू पालन गरिरहेको हुनाले र उहाँको नाउँलाई नत्यागेकाले त्यसको प्रशंसा गरिएको पाइन्छ। शैतानको चर्चका सदस्यहरू छिट्टै फिलाडेल्फियाका विश्वासीहरुकहाँ आएर तिनीहरूको आदर गर्नेछ भनेर येशूले एक गहकिलो कबूल गर्नुहुन्छ (प्रकाश ३:९)। यो तर्क यशैया ६०:१४बाट निकालिएको हो जहाँ परमेश्वरका जनहरूलाई आक्रमण गर्ने आक्रमणकारीहरूले अत्यन्त कष्ट दिएपछि परमेश्वरका जनहरूकहाँ नै आएर तिनीहरूको सामु निहुरेको थियो भनेर बयान गरिएको छ। शैतानका मतियारहरूले सुरूका विश्वासीहरूको जीवन कष्टकर बनाएका थिए भनेर त्यसले बुझाउँछ। हामीले अगाडि नै हेर्‍यौं कि विगतको समयमा कठित क्रिश्चियन भनाउँदाहरूले नै चर्चमा गलत शिक्षा फैलाएर दुःख दिइरहेका थिए। त्यसप्रकारबाट चर्चहरूमा विभाजन ल्याउने र एक आपसमा बिद्रोह मच्चाउने काममा शैतान नै अग्रसर भइरहेको हामी पाउँछौं। तर फिलाडेल्फिया चर्चले अन्तमा अवान्छित तथा दुष्ट कुराहरूलाई पन्छाउन सफल भएको देखिएको छ।**

येशूमा प्रतिवद्ध भइरहने क्षमता फिलाडेल्फियाको चर्चले कसरी पाए होला? तिनीहरूले भोगिरहेको कष्टलाई सिमित गरिनेछ भनेर येशूले कसरी प्रतिज्ञा दिनुभयो? बर्तमान परिप्रेक्ष्यमा हाम्रो निम्ति त्यसको अर्थ के हो? हेर्नुहोस् प्रकाश ३:१०,११ "१० तिमीले धैर्यको मेरो वचन पालन गरेका हुनाले, तिमीलाई परीक्षाको त्यस बेलादेखि म बचाउनेछु, जो पृथ्वीमा वास गर्ने मानिसहरूलाई जाँच गर्न सारा संसारमा आउनेवाला छ। ११ म चाँड़ै

आइरहेछु। तिमीसँग जे छ त्यसलाई पक्रिराख, र तिम्रो मुकुट कसैले लिनेछैन।"

विगतका चर्चहरूले जस्तै फिलाडेल्फियाको चर्चले पनि त्यत्तिकै कठिन समय गुजार्नुपरेको थियो भन्ने कुरा स्पष्ट छ। तर तिनीहरूको मनस्थिति वा मनोबल अरूहरूको भन्दा भिन्न थियो। यो प्रथम् चर्च हो जसमा येशूले तिनीहरूको असफलतालाई औंल्याएर त्यसलाई सम्हाल्नुपर्छ भनेर आलोचना गर्नुभएको थिएन। तिनीहरूमा भएको विश्वास तथा आस्था र परमेश्वरसँग सहकार्यलाई मुक्तिदाता येशूले सराहना गर्नुभएको थियो। तिनीहरूको बल कम भएतापनि तिनीहरूले शैतानसँग सम्झौता गरेको थिएन (पद ८ रूपान्तरित)।

त्यस चर्चका विजेताहरूलाई दिएका प्रतिज्ञाहरूमा परमेश्वरको मन्दिरको खम्बा तिनीहरूलाई बनाउने पनि एक थियो (प्रकाश ३:१२)। तिनीहरूलाई दिइएको नयाँ नाउँले तिनीहरू परमेश्वरमा रहेको भनेर पूर्णरूपमा पहिचान गरिएको थियो। हुनसक्छ बिगत समयमा तिनीहरूको जीवनको सबै पक्षहरूमा परमेश्वरप्रतिको आस्थामा अडिग रहेर उहाँको बफादारी भएको प्रमाणित गरेका थिए। यदि तपाईं अहिले नै अचानक स्वर्गमा पस्नु भयो भने त्यहाँ तपाईं कसरी मिल्न सक्नुहुने होला?

## ५. लेओसियामा रहेको चर्च (प्रकाश ३:१४-२२)

येशूले सम्बोधन गर्नुभएका चर्चहरूमा लेओडेसिया अन्तिम चर्च थियो। त्यसमा सम्बोभन गर्नुभएको पत्रमा येशूले आफ्नो बारेमा यसरी पहिचान दिनुहुन्छ "आमेन, विश्वासिलो र सही साक्षी बोकेका" र "परमेश्वरको सृष्टिको सुरू" (प्रकाश ३:१४ रूपान्तरित)। येशू ख्रीष्ट सनातन् परमेश्वर हुनुहुन्छ भनेर चिनारी गर्न ती वर्णन अत्यन्त महत्त्वपूर्ण छ। "आमेन" भन्ने शब्द यशैया ६५:१६बाट आएको हो। त्यस "आमेन" शब्दको अर्थ हो "सत्यको परमेश्वर।" आफ्ना जनहरूसँग बाँध्नुभएको करारसँग पनि त्यस शब्दको सम्बन्ध छ। येशू त्यो परमेश्वर हुनुहुन्छ जसले आफूले बाँधेको करारलाई पालन गर्न अत्यन्त बचनबद्ध हुनुहुन्छ। मानिसहरूलाई पुनर्जीवन दिने र मुक्ति दिने प्रतिज्ञालाई पूरा गर्न परमेश्वर सक्रिय हुनुहुन्छ। यस संसारमा परमेश्वरको चरित्र तथा स्वभावको बारेमा अनेकन् अड्कल र अनुमान गरिरहने परिप्रेक्ष्यमा वास्तिविक रूपमा उहाँ को हुनुहुन्छ भनेर आफ्ना जनहरूलाई साक्षी दिन येशू विश्वासिलो र भरपर्दो उद्धारकर्ता हुनुहुन्छ (प्रकाश १:५, २२:१६, यूहन्ना १:१८,

**१४:८-१०)। त्यतिमात्र नभएर उहाँ स्वयं सृष्टिकर्ता पनि हुनुहुन्छ (कलस्सी १:१६,१७)।**

लाउडिकिया वा लेओडेसियाको चर्चलाई के गर्नुपर्छ भनेर येशूले अऱ्हाउनुभएको थियो? के उहाँले दिनुभएका ती निर्देशनहरू बर्तमान परिप्रेक्ष्यमा हामीहरूको निम्ति पनि लागु हुन्छ र? हेर्नुहोस प्रकाश ३:१४-२२ "१४ अनि लाउडिकियाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आमेन, विश्वासयोग्य र साँचो साक्षी र परमेश्वरका सृष्टिको शासकले भन्दछ। १५ मलाई तिम्रा कामहरू थाहा छ। तिमी चिसो पनि छैनौ, तातो पनि छैनौ, चिसो कि तातो भए त हुनेथियो। १६ किनकि तिमी मनतातो छौ, न चिसो न तातो, यसकारण म तिमीहरूलाई मेरो मुखबाट उकेलिदिनेछु। १७ "म धनी छु, र मसित धन-सम्पत्ति छ, र मलाई केही कुराको खाँचो छैन" भनी तिमी भन्दछौ, तर तिमीलाई थाहै छैन कि तिमी दुःखी, दयनीय, दरिद्र, अन्धा र नाङ्गा छौ। १८ यसकारण धनी हुनलाई आगोले खारेको सुन र आफ्नो नग्नताको शर्म ढाक्नलाई सेतो वस्त्र र तिमीले देख्न सक भनी तिम्रा आँखामा लाउनलाई मलहम, यी सबै मबाट किन्ने म तिमीलाई सल्लाह दिन्छु। १९ जत्तिलाई म माया गर्छु, म तिनीहरूलाई हप्काउँछु, र ताड़ना दिन्छु। यसकारण उत्साहित होओ। पश्चात्ताप गर। २० हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो स्वर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ। २१ जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी म आफैले पनि जितें, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु।"

**आफू को हुनुहुन्छ भनेर प्रथम् केही पदहरूमा भन्नुभइसकेपछि कुन् चर्चलाई त्यसरी सम्बोधन गरिरहुनभएको थियो भनेर थाहा दिन येशूले जरुरी ठान्नुभएको थियो। अर्थात् हामी को हौं भनेर वास्तविक रूपमा चिन्न पहिला हामीले परमेश्वरलाई चिन्नुपर्छ। लेओसियाका बिश्वासीहरू आफूहरू को हुन् भनेर निश्चित भएर सोचिरहन्दा तिनीहरू यथार्थमा आफूले आफूलाई नै गलत ढङ्गमा सोचिरहेका थिए भनेर उक्त पत्रमा खुलासा गरिएको छ (प्रकाश ३:१७)। आफूहरू को हुन् र कतातिर लागिरहेको छ भनेर स्पष्टसँग थाहा पाउन र परिस्थितिको बास्तविक रूप थाहा पाउन आवश्यक कदमहरू चालभ भनेर येशूले अनुरोध गरिरहनुभएको थियो ताकि तिनीहरूमा हुनुपर्ने परिवर्तन होस् (प्रकाश ३:१८)।**

यदि तिनीहरूले परमेश्वरले गर्नुभएको आह्वानलाई स्वीकार गरियो भने परमेश्वरबाट तिनीहरूले अनुशासन दुई भागमा आउनेछन् भनेर कबूल गरिएको छ। प्रथमतः परम्परागत रूपमा आमाबाबुले छोराछोरीहरूलाई हप्काएर ठीक ठाउँमा राख्ने कदम परमेश्वरले हामीहरूलाई पनि उपयोग गर्नुहुन्छ (प्रकाश ३:१६)। अर्को फोहर पानी मुखमा पर्दा थुक्नुपर्ने नीति पनि परमेश्वरले चाल्नुहुनेछ (प्रकाश ३:१६)।

त्यस चर्च जो कि परमेश्वरको उपस्थितिमा रहन अयोग्य भएको र फ्याँक्नुपर्ने परिस्थितिमा पुगेको भएतापनि अत्यन्त महान् प्रतिज्ञाहरू त्यस चर्चलाई येशूले दिनुभएको थियो। तिनीहरूको साथमा येशू खानपिन गर्न चाहनुहुन्छ (प्रकाश ३:२०)-जुन् कि केवल अत्यन्त घनिष्ठ मित्रहरूको बीचमा मात्र आरक्षित गरिएको हुन्छ। अनि उहाँको सिहाँसनमा उहाँसँग रहने अवसर पनि उहाँले तिनीहरूलाई कबूल गर्नुभएको थियो (प्रकाश ३:२१)।

सातवटा चर्चहरूको वर्णन गर्दै येशूले तिनीहरूलाई लेख्नुभएको पत्र पढ्नु हामीहरूको निम्ति अत्यन्त जरुरी छ। प्रथम् शताब्धीमै येशूलाई बिश्वास गर्नेहरूको जोश सेलाएर गएका र उहाँबाट टाढिन कसरी गएका थिए भनेर हामीले अध्ययन गर्नु हामीहरूकै चासोको विषय हुनुपर्छ। तिनीहरू जोशमा कसरी चिसो भए र परमेश्वरबाट कसरी टाढा हुन पुगे? येशूले क्रुमा आफ्नो मृत्युद्वारा हामीहरूलाई मुक्ति उपलब्ध गराउनुभएतापनि क्रिश्चियन अर्थात् इसाई भनाउँदाहरू नै दुष्ट नियत बोकेर अन्धकारको शक्तिसँग मिलोमत्तो गर्न रुचाइरहेको देखिएको पाइन्छ। ती सातवटा चर्चको इतिहासलाई हामीहरूले नियाल्यौं भने ख्रीष्ट र शैतानको बीचमा भइरहेको द्वन्द तथा तनावलाई स्पष्ट रूपमा देखिन्छ। त्यो महान् बैचारिक युद्ध चर्चहरूकै बीचमा पनि येशू दोस्रो पल्ट नआउँञ्जे चलिरहनेछ भन्नुमा कसैको दुईमत छैन।

## उपसंहारः

थप जानकारीः यस अध्यायको पाँचौं बुँदामा येशू ख्रीष्ट सनातन् परमेश्वर हुनुहुन्छ भनेर छवास्स जानकारी दिइएको पाइन्छ। उहाँ केवल धर्मगुरू तथा उद्धारकर्तामात्र नभएर परमेश्वर नै हुनुहुन्छ भनेर ठोकुवा गर्नुपर्ने किन जरुरी छ? त्यस सन्दर्भमा एलेन जी ह्वाइटले यसरी व्यक्त गर्छिन् "परमेश्वरको दश आज्ञा उहाँ जतिकै पवित्र छन्। त्यसकारण उहाँको बराबरीमा रहनेले मात्र त्यस व्यवस्थाको उलङ्घन गर्नेको निम्ति सोधभर्ना तिर्न सक्दछन्। ख्रीष्ट बाहेक अरू

कसैले पनि व्यवस्थाको श्रापले पतित भएको मानिसलाई उद्धार गर्न सकिन्दैन। खीष्ट बाहेक कसैले पनि त्यस मानिसलाई परमेश्वरसँगको एकतामा ल्याउन सकिँदैन। पापको लज्जा र दोष येशू आफैले हाम्रो निम्ति बोक्नुहुन्छ। पवित्र परमेश्वरको निम्ति पाप यस्तो भयङ्कर नराम्रो थियो कि पिता र उहाँको पुत्रको बीचमा अलग हुनु अनिवार्य भएको थियो। परमेश्वरबाट बेपत्ता भएका मानिसलाई उद्धार गर्न जुनसुकै कष्टको गहिरो खाल्डोमा पर्न येशू खीष्ट राजी हुनुभएको थियो।"-एमेजिङ्ग लभ, पृ. ४२बाट रूपान्तरित। जे भनिएको छ त्यो सरल छ। परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाहरूको गरिमा परमेश्वर जस्तै पवित्र छ। त्यसकारण परमेश्वरको बराबरीमा हुनुभएको व्यक्तिले मात्र व्यवस्थाको उलङ्घनको मोललाई तिर्न सक्छन्। स्वर्गदूतहरू पापरहित छन् तर तिनीहरू तिनीहरूको परमेश्वर जस्तो पवित्र छैन। आफूले सृष्टि गर्नुभएको जीव आफू जस्तो पवित्र कसरी हुनसक्छ र? त्यसैकारण खीष्ट परमेश्वर आफै हुनुहुन्छ भनेर बाइबलले सिकाएकोमा हामी छक्क पर्नु आवश्यक छैन। खीष्टको बलि परमेश्वरको पवित्र व्यवस्थाको वरिपरि केन्द्रित भएको छ। मानव जगतले परमेश्वरको व्यवस्थालाई तोडेको हुनाले र व्यवस्थाकै कारणले हामीलाई मुक्ति दिन येशू मर्नुभएको थियो। पापको भयाभव स्थितिलाई बुझ्न त्यसको समाधान गर्न उत्कृष्ट बलिको आवश्यकतालाई बुझ्नु आवश्यकता छ। खीष्टले तिर्नुभएको मोल तथा बलिले परमेश्वरको व्यवस्था आफै कतिको पवित्र रहेछ भनेर देखाउँछ। यदि परमेश्वरको व्यवस्था वा दश आज्ञा कतिको पवित्र छ भनेर व्याख्या गर्न येशूको बलिको आवश्यकता भएको हुन्छ भने दश आज्ञा कतिको पवित्र रहेछ भनेर त्यसले प्रमाणित गर्दछ।

**चिन्तनमनन:**

अ. तपाईंको विश्वासको जीवन कस्तो छ र त्यसलाई कसरी व्याख्या गर्न सक्नुहुन्छ?

आ. "वास्तविक रूपमा नम्र र सोझो येशूका अनुयायीहरूलाई खोज्न थाल्दा मेरो दिमागले ठूलो परिक्षाको सामना गरिरहेको महसुस गर्छु।"

इ. "कतिपय मानिसहरू येशूको छिट्टो आगमनको प्रतिज्ञामा छौं भनेर दावी गर्नेहरू बिस्तारै बिस्तारै संसारका मानिसहरू जस्ता भइरहेका छन्। तिनीहरू तिनीहरूका वरिपरि रहेका

मानिसहरूले दिने भाऊ तथा सम्मानको खोजिमा तल्लिन भइरहेका हुन्छन् तर परमेश्वरको प्रशंसालाई वास्ता गर्दैनन्। तिनीहरू चिसो र देखावटी तथा औपचारिक इसाई हुन् र मानौं तिनीहरू चर्चबाट अलगिएका छन्। लेओडेसियाका मानिसहरूको भन्दाफोर गरेर व्यक्त गरेका वचनहरूले तिनीहरूको पनि वर्तमान अवस्थालाई खुलाउँछ।"-एलेन जी ह्वाइट, रिभ्यु एण्ड हेराल्ड, जुन् १०, १८५२बाट रूपान्तरित। एलेन जी ह्वाइटले व्यक्त गरेका ती भावना करिब एकसय पचास वर्ष भयो। तर बर्तमान परिप्रेक्ष्यमा त्यो हाम्रो निम्ति कति समसामियक छ? पहिलाको चर्चको समय कस्तो राम्रो र आत्मिकि छ भन्ने धारणा कस्तो गलत रहेछ भनेर त्यस अभिव्यक्त तथा येशूले सातवटा चर्चहरूलाई दिनुभएको सन्देशले हामीलाई कसरी बुझाउँछ?